# बाह्रदशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**चकचकी , झापा**

## आन्तरिक आय संकलन सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०२/१५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा व्यवस्था भए अनुसार यस गाउँपालिकाको क्षेत्र भित्र रहेको  को आ.व. २०७६/०७७ को १ वर्ष (एक) का लागि पशुबजारको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति संघ संस्था, फर्म तथा कम्पनीहरूबाट निम्न बमोजिमको रित पुर्‍याइ ठेक्काका लागि सिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम वार्षिक ठेक अंक (मु.अ.करबाहेक) | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०७५/०७६ | चकचकी पशुबजार (सम्बन्धि) | ३०,००,०००। | ३०००/- (पछि फिर्ता नहुने गरी) | |
| २ | ०२/२०७५/०७६ | राजगढ पशुबजार (सम्बन्धि) | २०,००,०००। | १०००/- (पछि फिर्ता नहुने गरी) | |

१ बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र उपर्युक्त बमोजिमको दस्तुर तिरी खरिद गर्न सकिने छ । उक्त फाराम खरिद गर्दा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी साथ निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२ बोलपत्रमा आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस बाह्रदशी गाउँपालिकाको नेपाल राष्ट्रिय वाणिज्य वैंक, भद्रपुर  स्थित धरौटी खाता नं. २२१०३०४०१८१०७  मा जम्मा गरेको सक्कल भौचर र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म भए फर्म दर्ता प्रमाण पत्र, प्यान तथा भ्याट दर्ताको प्रतिलिपि र आ.व. २०७४/०७५ को कर चुक्ताको प्रतिलिपि समेत संलग्न राखी शिलवन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । साथै बोलपत्र पेश गर्ने खाम बाहिर प्रष्ट बुझिने गरी ठेक्का नम्वर र ठेक्का विवरण उल्लेख गरी शिलवन्दी बोलपत्र भनि बोलपत्रदाताको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. समेत प्रष्ट उल्लेख भएको हुनु पर्नेछ ।

३ पेश भएका वोलपत्रहरू दाखिला भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्रमा दाखिला गर्नुपर्नेछ र सोही दिन २:०० बजे बोलपत्र दाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४ रित नपुगी, म्याद नाघी आएका वा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५ ठेकेदारले सम्झौताको समयमा ठेक्का रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिने छ । एक मुष्ठ ठेक्का अंक नबुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ताको रकम ठेक्का अंकको ५० प्रतिशत कायम गरिने र अन्य दुइ किस्ता २५/२५ प्रतिशतमा विभाजन गरिनेछ । पहिलो किताको रकम ठेक्का सम्झौता अघि नै यस कार्यालयमा बुझाउनु पर्नेछ । दोस्रो किस्ताको रकम सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ताको रकम सम्झौताको मितिले आठौ महिनाभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।

६ कुनै कारण देखाइ वा नदेखाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बाह्रदशी गाउँपालिकाको कार्यालयमा सुरक्षित रहने छ । दर्ता हुन आएका बोलपत्रता  मध्ये स्वीकृत वोलपत्रता लाई सम्झौता गर्न आउन भनि सूचना दिइने छ । सम्झौता गरी ऐन नियम बमोजिम पट्टा पूर्जी लिइ ठेक्का सञ्चालन गर्नु पर्ने छ ।

७ बोलपत्र दाताले बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नु पर्ने छ । प्रचलित कानुन बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्ने छ । मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मु.अ.कर रकम किस्ता भुक्तानी सँगै अग्रिम रुपमा बुझाउनु पर्ने छ।

८ बोलपत्र पत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट तोकिएको समय भित्र खरिद तथा दाखिला गर्ने सकिने छ ।

९ शुल्क उठाउन आवश्यक कर्मचारी र अन्य व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्ने छ । कर असुली गरिने नगदी रसिद ठेकेदार आफ्नै तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१० बोलपत्र साथ रहेको धरौटी रकम ठेक्काको अवधि समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिइने छ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

११ बाह्रदशी गाउँपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी शुल्क असुल गर्नु पर्ने छ । विक्रीनामा असुल गर्ने रकम गाउँकार्यपालिकाले तोकेअनुसार हुनेछ ।

१२ ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बाह्रदशी गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१३ अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ र सुचना यस कार्यालयको वेबसाइट http://www.bahradashimun.gov.np/ मा हर्न र पढ्न सकिने छ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत